आज मिति २०८१ साल साउन २९ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

सहायक कर्मचारीहरु:

श्री बबलि मेहता

श्री रसना मगर

श्री उमाशंकर चौधरी

श्री जयप्रकाश शाह

श्री डोल कुमारी श्रेष्ठ

**प्रस्तावित विषयहरुः**

१. समिक्षा सम्बन्धमा ।

२. पालिका दररेट सम्बन्धमा

३. स्थानीय बजार अनुगमन सम्बन्धमा ।

४. अ.ल्या. रकम कार्यान्वयन सम्बन्धमा ।

५. विषयगत समिति अद्यावधिक सम्बन्धमा ।

६. अपाङ्गता परिचय – पत्र नविकरण सम्बन्धमा ।

७. आयोजना समावेश सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १, प्रस्ताव नं १, उपर निर्णय** :

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २, प्रस्ताव नं. २, उपर निर्णय**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको दररेट समितिको निर्णय अनुसार निर्धारण भएको गाउँपालिकाको दररेट, २०८१ लाई स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो। दररेट, २०८१ यसै साथ संलग्न छ।

**निर्णय नं. ३, प्रस्ताव नं. ३, उपर निर्णय**

प्रस्ताव नं ३ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको स्थानीय हाटबजार अनुगमनको लागि लिखु गाउँपालिका हाटबजार अनुगमन निर्देशिका, २०७५ को नियम ८ बमोजिम बजार अनुगमन टोली गठन गरी बजार अनुगमनलाई नियमित तथा व्यवस्थित गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. संयोजक – श्री गणेश वली (उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख)

२. सदस्य – श्री सुमन पराजुली (सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि)

३. सदस्य – यसम प्रहरी चौकी तथा गाम्नाङटार प्रहरी चौकीको ईन्चार्ज (स्थानीय सुरक्षा निकाय नेपाल प्रहरी)

४. सदस्य – पालिका प्रहरी (स्थानीय प्रशासनको प्रतिनिधी)

*नोट :- सम्बन्धित वडामा बजार अनुगमन हुदाँ स्थानीय जनप्रतिनिधी वडा अध्यक्ष उपस्थित हुनेछ ।*

## निर्णय नं. ४, प्रस्ताव नं. ४, उपर निर्णय

प्रस्ताव नं ४ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आ.व. २०८०/०८१ को अ.ल्या. रकम देहाय बमोजिम कार्यान्वयन गरी आगामी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सवारी साधन (गाडी) खरिद | ३३,८९,१३२/- | |

## निर्णय नं. ५, प्रस्ताव नं. ५, उपर निर्णय

प्रस्ताव नं ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको मिति २०७९/०२/१२ गतेको कार्यपालिकाको निर्णयानुसार गठन गरिएको विषयगत समितिहरु देहाय अनुसार अद्यावधिक गर्ने निर्णय गरियो।

क) **सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

संयोजकः श्री हिरा बहादुर कार्की (वडाध्यक्ष, वडा नं १)
सदस्यः श्री सोकर्ण श्रेष्ठ (वडाध्यक्ष, वडा नं ३)
सदस्यः श्री केशवहरी ढुंगेल (वडाध्यक्ष, वडा नं ९)
सदस्यः श्री अम्बिका वि.क (कार्यपालिका सदस्य)
सदस्यः श्री बबलि मेहता (प्रशासन अधिकृत)
सदस्य सचिवः श्री रसना मगर (प्रशासन सहायक पाँचौ)

ख) **आर्थिक विकास समिति**

संयोजकः श्री मोहन कार्की (वडाध्यक्ष, वडा नं. ५)
सदस्यः श्री सोकर्ण श्रेष्ठ (वडाध्यक्ष, वडा नं. ३)
सदस्यः श्री पशुपति सुनुवार (कार्यपालिका सदस्य)
सदस्यः श्री रेनुका मगर (कार्यपालिका सदस्य)
सदस्यः श्री बबलि मेहता (प्रशासन अधिकृत)
सदस्य सचिवः श्री चेतन लामीछाने (कृषि प्रसार अधिकृत)

**सामाजिक विकास समिति**

संयोजकः श्री पुरुषोत्तम पौडेल (वडाध्यक्ष, वडा नं. ८)

सदस्यः श्री तारा बहादुर तामाङ् (वडाध्यक्ष, वडा नं. ७)

सदस्यः राम कुमार बुढाथोकि (वडाध्यक्ष, वडा नं. २)

सदस्यः श्री गितादेवि बर्मे (कार्यपालिका सदस्य)

सदस्यः श्री रचना मैनालि (शिक्षा अधिकृत)

सदस्य सचिवः श्री खिला वि.क. (एम.आई.एस. अपरेटर)

ग) **पूर्वाधार विकास समिति**

संयोजकः श्री राम कुमार बुढाथोकि (वडाध्यक्ष, वडा नं. २)

सदस्यः श्री शोकर्ण श्रेष्ठ (वडाध्यक्ष, वडा नं. ३)

सदस्यः श्री पशुपति सुनुवार (कार्यपालिका सदस्य)

सदस्यः श्री रेनुका मगर (कार्यपालिका सदस्य)

सदस्यः- श्री उमाशंकर चौधरी (सब- ईञ्जिनियर)

सदस्य सचिवः श्री प्रमोद भट्टराई (सूचना प्रविधि अधिकृत)

घ) **वातावरण तथा विपद् व्यवस्थापन समिति**

संयोजकः श्री टिका बहादुर क्याप्छाकी (वडाध्यक्ष, वडा नं. ६)

सदस्यः श्री सोकर्ण श्रेष्ठ (वडाध्यक्ष, वडा नं. ३)

सदस्यः श्री इला बहादुर मुदेल (कार्यपालिका सदस्य)

सदस्यः श्री गितादेवि बर्मे (कार्यपालिका सदस्य)

सदस्यः श्री दिनानाथ चौधरी (स्वास्थ्य संयोजक)

सदस्य सचिवः श्री उमाशंकर चौधरी (सब- ईञ्जिनियर)

ङ) **बिधेयक समिति**

संयोजकः श्री घन बहादुर कार्की (वडाध्यक्ष, वडा नं ४)

सदस्यः श्री केशवहरी ढुंगेल (वडाध्यक्ष, वडा नं ९)

सदस्यः श्री कमला खड्का (कार्यपालिका सदस्य)

सदस्यः श्री रेनुका मगर (कार्यपालिका सदस्य)

सदस्यः श्री रोशन पौडेल (पशु चिकित्सक)

सदस्य सचिवः श्री रसना मगर (प्रशासन सहायक पाँचौ)

**निर्णय नं. ६, प्रस्ताव नं. ६, उपर निर्णय**

प्रस्ताव नं ६ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको अपाङ्गता अन्तर्गत सामाजिक सुरक्षा लाभग्राहीहरुको अपाङ्गता परिचय पत्र साविक अनुसार नै कायम हुने गरी नविकरण गर्ने भनी सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७, प्रस्ताव नं. ७, उपर निर्णय**

प्रस्ताव नं ७ माथि आवश्यक छलफल गर्दा आयोजना सिफारिस सम्बन्धमा देहाय बमोजिम निर्णय सर्वसम्मत गरियो

**क)** सघन सहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगामा बहुबर्षिय आयोजना अन्तर्गत **सिंहदेवी नर्मदेश्वर यसम गाम्नाङटार सडक स्तरोन्नती आयोजना (आयोजना रकम रु. १,००,००,०००/-)** समावेश गर्नको लागि सिफारिस गर्ने।

ख) स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, ईटहरी र स्थानीय पुर्वाधार विभाग, ललितपुरमा बहुवर्षिय आयोजना अन्तर्गत **नर्मदेश्वर महादेवथानबाट डुडेगैह्रा हुदै बाघखोरडाँडा स्तरोन्नती आयोजना, लिखु गा.पा.** समावेश गर्नको लागि सिफारिस गर्ने।

**निर्णय नं. ८, प्रस्ताव नं. ८, उपर निर्णय**

प्रस्ताव नं ८ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयमा देहाय बमोजिम निर्णयहरु सर्वसम्मत गरियो।

क) लिखु गाउँपालिकामा कार्यरत देहाय बमोजिमको कर्मचारीहरुबाट पेश भएको निवेदन अनुसार सरुवा सहमति प्रदान गर्ने।

i. दिपिका भगत – प.हे.न. कम्युनिटी नर्सिङ पाँचौ
ii. सन्जु आचार्य – कृषि सहायक पाँचौ
iii. खगेन्द्र विश्वकर्मा – प्रशासन सहायक चौथो

ख) कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।